## चुमनुव्री गाउँपालिकाद्धारा  आ व २०८०/०८१ मा सञ्चालन तथा कार्यान्वयन भएका योजना/कार्यक्रमहरुको

# सामाजिक परीक्षण (Social Audit) प्रतिवेदन २०८१

## चुमनुव्री गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय

## सिर्दिवास, गोरखा

इमेलः **chumanuwrimun@gmail.com**

वेवसाइटः **chumanuwrimun.gov.np**

| | |
|---|---|
| प्रतिवेदनको शीर्षकः | *चुमनुब्री गाउँपालिकाको सामाजिक परीक्षण प्रतिवेदन, २०८१* |
| गाउँपालिकाः | *चुमनुब्री गाउँपालिका, सार्दिबास, गोरखा* |
| समन्वय र सहयोगः | *चुमनुब्री गाउँपालिका, सार्दिबास, गोरखा* |
| परामर्शदाता सँस्थाः | *सस्टेनेवल रिसर्च डेभलमेन्ट एण्ड म्यानेजमेन्ट कन्सल्ट प्रा. लि. पोखरा* |
| मितिः | ***पौष २०८१*** |

# विषय सूची


| क्र सं | विषय | पेज |
|---|---|---|
| | परिच्छेद -१ | १ |
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | गाउँपालिकाको संक्षिप्त परिचय | ३ |
| १.३ | सामाजिक परीक्षणको उद्देश्य | ४ |
| १.४ | सामाजिक परीक्षणका आधार | ५ |
| १.५ | सामाजिक परीक्षणको सीमा | ६ |
| | परिच्छेद-२ | ७ |
| २.१ | सामाजिक परीक्षणको संस्थागत समन्वय | ७ |
| २.२ | सामाजिक परीक्षण विधि | ७ |
| २.३ | सामाजिक परीक्षणका चरणहरु | ९ |
| २.४ | सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुती कार्यक्रम सञ्चालन | १० |
| २.५ | आचारसंहिता | ११ |
| | परिच्छेद-३ | १३ |
| ३.१ | सामाजिक परीक्षणको लक्ष्य | १३ |
| ३.२ | क्रियाकलापहरु | १३ |
| ३.३ | कार्यक्रम अवधि | १४ |
| ३.४ | सामाजिक परीक्षण कार्यक्रममा सहभागी भएको जनशक्ति | १४ |
| ३.५ | अनुगमन, मूल्याङ्कन र व्यवस्थापन | १४ |
| ३.६ | चुमनुब्री गाउँपालिकाको प्राथमिकता र आवश्यकताका महत्वपूर्ण विषयहरुः | १५ |
| | परिच्छेद-४<br>अनुसन्धनात्मक भाग | २४ |
| ४.१ | बृहत छलफल कार्यक्रमहरुको विवरण | २४ |
| ४.२ | गत आर्थिक वर्षको यथार्थ आयव्ययको विवरण | २४ |
| ४.३ | गत आ.व. २०८०।०८१ को योजनागत विवरण | २५ |
| ४.४ | योजना तथा कार्यक्रमहरुको वृस्तीत विवरण | ३० |

| | | |
|---|---|---|
| | परिच्छेद-५<br>सामाजिक परीक्षणका निष्कर्षहरु | ४० |
| ५.१ | सामाजिक परीक्षणले औंल्याएका सवालहरु | ४१ |
| ५.२ | सवालहरु सम्बोधन | ४२ |
| ५.३ | सुझावहरु | ४२ |
| ५.४ | फोटो झलकहरु | ४६ |

# परिच्छेद -१

## १.१ पृष्ठभूमि


नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले स्थानीय स्तरमा गठित स्थानीय सरकारहरुलाई स्वयत्त हुनेगरी धेरै अधिकार दिएको छ । कानुनको तर्जुमा गर्ने देखि कानुन कार्यान्वयन गर्ने, नीति तथा कार्यक्रम बार्षिक रुपमा तय गर्ने देखि कार्यक्रम र बजेट तर्जुमा गरी जनताका माग बमोजिमका योजनाहरु कार्यान्वयन गर्ने अधिकार अहिले स्थानीय सरकारसँग रहेको छ । यतिका धेरै अधिकारहरुको उपयोग तथा प्रयोग गर्ने अधिकार लिएको सरकारले गरेका हरेक क्रियाकलापहरुका बारेमा जनतालाई थाहा हुन पाउनु अनिवार्य हुन्छ । यसले स्थानीय सरकारलाई सुशासन कायम गर्ने र गरिवी न्यूनीकरण गर्ने कार्यमा मार्गदर्शनको कार्य गर्दछ ।

स्थानीय तहहरुलाई पारदर्शी, जवाफदेही र उत्तरदायी बनाई सेवा प्रवाह तथा विकास निर्माणका कार्यलाई गुणस्तरीय एवं जनमुखी बनाउन स्थानीय तहबाट हुने सम्पूर्ण कामकारवाहीहरुको जनस्तरबाट अनुमोदन गराउनका लागि सामाजिक परीक्षण गर्नु वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ को उपदफा (५) तथा चुमनुब्री गाउँपालिकाले एक आर्थिक वर्षमा सम्पादन गरेका कार्यक्रम र त्यसको सामाजिक उपलब्धि तथा कार्यसम्पादनको लेखाजोखाका लागि वर्षमा एक पटक सामाजिक परीक्षण गर्नुपर्ने हुन्छ । सामाजिक परीक्षणका सैद्धान्तिक र व्यवहारिक पक्षलाई समेट्दै गाउँपालिकालाई ऐन तथा नियमावलीले तोकेको सामाजिक जिम्मेवारी, त्यस अनुसार सञ्चालित कार्यक्रम, आयोजनाले ल्याएको सामाजिक उपलब्धी र सामाजिक जिम्मेवारी बहन गर्न सक्ने संस्थागत क्षमता आदिको सामाजिक विकासका सूचकलाई आधार मानी लेखाजोखा गरिएको छ ।

स्थानीय स्तरमा भए गरेका कामकारवाहीको जनताप्रति सामाजिक उत्तरदायित्व बहन गर्नका लागि अवलम्बन गरिएका विभिन्न विधि मध्ये सामाजिक परीक्षण पनि एक हो । स्थानीय निकाय आर्थिक प्रशासन नियमावलीको नियम २०१ को उपनियम (१) मा सामाजिक परीक्षणको व्यवस्था गरिएको छ । सामाजिक परीक्षण स्थानीय तहको योजना, नीति, कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थिक, सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्याङ्कन कार्य हो । सार्वजनिक रकम प्रति सार्वजनिक रुपमा सो खर्च गर्ने तह तथा अधिकारी उत्तरदायी हुनुपर्ने सामान्य मान्यताको विकास हो । खर्च गर्ने तह वा अधिकारीले माथिल्लो तह प्रति जिम्मेवारी हुनुपर्ने कानूनी प्रावधान र अनुगमनका व्यवस्थाहरु प्रचलनमा भएता पनि लाभग्राही करदाता तथा समुदाय प्रतिको जवाफदेहीता गौण मानिदै आएको अवस्थालाई हामीले स्वीकार्नु पर्दछ । सामाजिक परीक्षण कुनै पनि आयोजनाबाट जनताले कति फाइदा प्राप्त गर्न सके भनेर मूल्याङ्कन गर्ने महत्वपूर्ण औजार हो । विकास जनताले जनताको लागि भन्ने सुशासनको मर्मसँग यसले नजिकको सम्बन्ध राख्दछ । सामान्य परिभाषा अनुसार सामाजिक परीक्षण कुनै पनि संस्थाको सामाजिक कार्य सम्पादनको परीक्षण हो । जसमा सरोकारवलाहरुले सामाजिक कार्यसम्पादनमा भविष्यमा गर्न सकिने सुधारको आशा राख्दछन् । आर्थिक लेखा परीक्षण र सामाजिक परीक्षणबिच केही समानताहरु छन् । यी दुवैमा अभिलेख र प्रक्रियाको जाँच र त्यसको सारांश र प्रतिवेदन तयारी गरिन्छ । तर तात्विक फरक के हो भने सामाजिक परीक्षणमा ब्यवस्थापन वोर्ड सदस्य, कर्मचारी, सेवाग्राही, समुदाय, नीति निर्मता सबैलाई संस्थाको सामाजिक कार्य सम्पादनको लेखाजोखाको अवसरमा सहभागी गराईन्छ भने आर्थिक लेखा परीक्षणमा लेखा परीक्षकले आफ्नो राय मात्र उल्लेख गर्दछन् ।

समाजिक परीक्षण बर्षमा एक पटक मात्र गर्ने गरिन्छ।स्थानीय तहबाट सम्पादित कामहरुले सामाजिक उपलब्धिहरु कति प्राप्त गर्न सके सोको विश्लेषणबाट प्रभावसम्मको अवस्थाको आकलन गर्न सामाजिक परीक्षण विधि निकै प्रभावकारी हुनेछ।सामाजिक परीक्षणको सैद्धान्तिक पक्षको अनुसरण सामाजिक परीक्षण कार्यविधिको महत्वपूर्ण पाटो भएकाले यसको सफल कार्यान्वयनबाट आफ्नो सामाजिक विकासको उत्तरदायित्व पूरा गर्न स्थानीय तहलाई ठूलो टेवा पुग्ने देखिन्छ । यसैको आधारमा भविष्यको रणनीति तथा योजना तयार गर्ने कार्यको लागि यसका निश्कर्षहरुले सघाउने छन् । चुमनुव्री गाउँपालिकाद्धारा गत आ.व. २०८०/८१ मा सम्पन्न भए गरेका योजना/कार्यक्रमहरुको सामाजिक प्रभाव के पर्यो र त्यसको मूल्याङ्कन गरी आगामी आ.व. मा सोही प्रकारको नीति तथा कार्यक्रम तर्जुमा गर्ने उद्देश्यले कानुनमा व्यवस्था भए बमोजिम सामाजिक परीक्षण गरी यो प्रतिवेदन तयार गरिएको छ।

## १.२ गाउँपालिकाको संक्षिप्त परिचय




गोरखा जिल्लाको जिल्ला सदरमुकाम गोरखा बजारबाट उत्तरतर्फ अवस्थित चमनुव्री गाउँपालिका स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम सञ्चालित एक स्थानीय सरकार हो । गण्डकी प्रदेश अन्तर्गत गोरखा जिल्लाको उत्तरी भेगमा अवस्थित चुमनुव्री गाउँपालिका साविकका ७ वटा गाउँ विकास समितिहरू (समागाउँ, ल्हो, प्रोक, विहि, छेकम्पार, चुम्चेत र सिर्दिवास) मिलाएर निर्माण भएको हो । यस गाउँपालिका ७ वटा वडामा विभाजित छ । गोरखा जिल्लाको मुख्य नदी बुढीगण्डकीको पश्चिमि भाग तथा जिल्लाको उत्तर पूर्वमा अवस्थित सिर्दिबासको फिलिममा यस गाउँलिकाको केन्द्र रहेको छ ।

कुल क्षेत्रफल १६४८.५ **वर्ग किलोमिटर रहेको** यस गाउँपालिका समुन्द्री सतहबाट १२३९ मिटर देखि ८१६३ मिटरसम्म फैलिएको छ । नेपालका उच्च हिमशृंखलाहरु मध्येको आठौं उच्च शिखर मनास्लु हिमाल (८१६३मिटर उचाइ) यसै गाउँपालिकामा अवस्थित छ। हिमचुली (७८९३ मिटर उचाइ) र सृङ्गी (७१८७ मिटर उचाइ) जस्ता उच्च हिमाल लगायत अन्य हिमशृङ्खलाहरु यसै गाउँपालिकामा पर्दछन् ।

यस गाउँपालिकाको समग्र भाग मनास्लु संरक्षण क्षेत्रमा पर्दछ । लार्के पास, ग्या जस्ता उच्च पास (ला) हरुका साथै काल ताल र वीरेन्द्र तालहरु जस्ता विभिन्न ताल तलैयाहरु रहेका छन् । विशिष्ट साँस्कृतिक, ऐतिहासिक गुम्बाहरु र असंख्य जडिबुटी, जैविकीय विविधताले यो गाउँपालिका भरिपूर्ण रहेको छ । बुढीगण्डकी जलाधार, चुमनुव्री लार्के पास हुँदै मनाङ, मुस्ताङ जाने मुख्य पदमार्ग, मनोरम हिमशृङ्खला र अलौकिक संस्कृतिसहितको विशिष्ट भूपरिवेशले गर्दा यस गाउँपालिकाले पर्यटक आकर्षणको ठूलो सम्भावना बोकेको छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार चुमनुव्री गाउँपालिकाको कुल जनसंख्या ५९३२ रहेको छ । कुल जनसंख्या मध्ये २८४५ जना पुरुष र ३०८७ जना महिला रहेका छन् । हालको लैङ्गिक अनुपात ९२.१६ प्रति पुरुष १०० महिला छ । **यहाँको जनघनत्व ४ जना प्रति वर्गमिटर छ । परिवार संख्या २०६८ रहेको छ भने साक्षरता दर ३९.२ प्रतिशत रहेको छ ।**

## १.३ सामाजिक परीक्षणको उद्देश्य

चुमनुव्री गाउँपालिकाको कार्यसम्पादन स्तरलाई सुधार गर्न सहयोग पुर्याउनु नै यस सामाजिक परीक्षणको प्रमुख उद्देश्य हो भने गाउँपालिकाको सामाजिक परिक्षण गर्नुका विशिष्ठ उद्देश्यहरु देहाय बमोजिम रहेका छन् :

- गाउँपालिकाको सामाजिक जिम्मेवारी निर्वाहको मूल्याङ्कन गर्ने ।
- समुन्नत समाज निर्माणको लागि भइरहेका सामाजिक फाइदाहरुको समीक्षा गर्ने ।
- गाउँपालिकालाई नागरीकमैत्री बनाउँदै सेवा प्रवाहलाई थप प्रभावकारी, सुलभ र भरपर्दो बनाउन समग्र कार्य सम्पादनमा सुधार ल्याउन सुझाव दिने ।
- स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कनमा बढी अंक ल्याई बढी अनुदान प्राप्त गर्नमा टेवा पुर्याउने ।

## १.४ सामाजिक परीक्षणका आधार

चुमनुव्री गाउँपालिकाको यो सामाजिक परीक्षणको आधारलाइ देहाय बमोजिम उल्लेख गरीएको छः

- चुमनुव्री गाउँपालिकाको कार्यालयको संगठन संरचना
- चुमनुव्री गाउँपालिकाको नीति रणनीति र आगामी कार्य क्षेत्र र सोको प्रभावकारीता
- योजना, कार्यक्रम र वजेट व्यवस्थापन

## चुमनुव्री गाउँपालिकाको कार्यक्षेत्र र सोको अनुगमन, मूल्याङ्कन

- प्रदुषण नियन्त्रण, वातावरण संरक्षण र दिगो विकासमा गाउँपालिकाले खेलेको भूमिका
- सेवाग्राहीको हित एवं नागरिकमैत्री सेवा प्रवाहमा गाउँपालिकाको भूमिका
- महिला, विपन्न एवं पछाडि पारिएका वर्ग, समुदायको हितका लागि गाउँपालिकाले खेलेको भूमिका
- शिक्षा, स्वास्थ्य, कला, संस्कृति संरक्षण, प्रवर्द्धन र विकासमा गाउँपालिकाले दिएको योगदान
- सरकारी एवं गैह्र सरकारी, निजी क्षेत्र, नागरिक समाजप्रतिको दायित्व निर्वाह
- चुमनुव्री गाउँपालिकाको सामाजिक योगदान ।

## १.५ सामाजिक परीक्षणको सीमा

चुमनुब्री गाउँपालिकासँग सम्बन्धित ऐन, नियम, कार्यविधिहरू र निर्देशिकाहरू, सामाजिक जिम्मेवारी, लक्ष्य, उद्देश्य, आवधिक तथा वार्षिक योजना (विषयगत ईकाईहरूको समेत), सामाजिक उपलब्धि, कार्य सम्पादन, परिणाम र प्रभाव सम्बन्धी अभिलेख तथा सूचना, नागरिक बडापत्र, सार्वजनिक परीक्षणका प्रतिवेदनहरू, सार्वजनिक सुनुवाई प्रतिवेदन, वार्षिक तथा चौमासिक प्रतिवेदनहरू तथा अन्य आवश्यक सामाग्रीहरु अध्ययनको साथै आ.व.२०८० /८१ मा भए गरेका योजना तथा कार्यक्रमहरुबाट सामाजिक रुपमा के कस्तो असर प्रभाव पर्यो त्यसको परिधि तथा सीमा भित्र रहेर समाजिक परीक्षण कार्य गरीएको थियो ।

# परिच्छेद-२

## २.१ सामाजिक परीक्षणको संस्थागत समन्वय

चुमनुब्री गाउँपालिकाले आर्थिक वर्ष २०८०/०८१ मा सम्पादन गरेका परियोजना तथा कार्यक्रमहरु र त्यसका सामाजिक उपलब्धिहरुको लेखाजेखा गर्नका लागि यो कार्य गरिएको हो । सामाजिक परीक्षण कार्यको समन्वय तथा स्थानीय तह तथा सामाजिक परीक्षकलाई सहयोग गर्नका लागि चुमनुब्री गाउँपालिकाले गठन गरेको सामाजिक परीक्षण समन्वय समितिसँगको समन्वय साथै विषयगत शाखाका कर्मचारीहरुको सहयोग तथा क्षेत्रगत अवलोकन गरि लाभान्वीत वर्गसँगको छलफल तथा अन्तरक्रिया गरि सामाजिक परीक्षण कार्य सम्पन्न गरिएको हो ।

## २.२ सामाजिक परीक्षण विधि

सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट देहायका विधिहरू प्रयोग गरीएको छ ।

**क) सन्दर्भ सामाग्रीहरुको समीक्षा र अध्ययनः**

- स्थानीय तह सम्बन्धी ऐन नियम कार्यविधिहरु र निर्देशिकाहरु
- स्थानीय तहको सामाजिक जिम्मेवारी लक्ष्य उद्धेश्य
- आवधिक तथा बार्षिक योजना (विषयगत शाखाहरूको समेत)
- सामाजिक उपलब्धि कार्यसम्पादन परिणाम र प्रभाव सम्बन्धी अभिलेख तथा सूचनाहरु
- नागरिक वडापत्र
- वार्षिक प्रतिवेदनहरु

**ख) अन्तरवार्ता, स्थलगत निरिक्षण, अवलोकन र समूह छलफल :**

सामाजिक परीक्षक विज्ञ समूह टिमलिडर महेन्द्र प्रसाद लामिछाने र विज्ञ जुनादेवी पुनद्धारा सूचकहरूका आधारमा गाउँपालिकाका पदाधिकारीहरू, प्रमुख प्रशासकीय अधिकृत, आयोजना प्रमुख, विषयगत ईकाई प्रमुखसँग अर्धसंरचित (Semi-structured) अन्तरवार्ता साथै व्यापक रुपमा अन्तरक्रियात्मक छलफल गरीएको थियो । अन्तरवार्ताबाट समेटिन नसकेका विषयहरूका लागि सम्बन्धित कर्मचारीहरूको सानो समूह बनाई समूह छलफल पनि गरियो । आवश्यकता अनुसार स्थलगत निरीक्षण र अवलोकन गरि सामाजिक कार्यसम्पादनको अवस्था अध्ययन गर्ने कार्य भयो ।

**ग) प्रस्तुति तथा छलफलः**

कार्यशर्तमा उल्लिखित ढाँचामा आधारित प्रारम्भिक प्रतिवेदन देहाय अनुसार केन्द्रकृत रहेर व्यापक छलफलको लागि प्रस्तुत गरियोः

- सामाजिक परीक्षणका निश्कर्षहरु
- सामाजिक परीक्षणले औंल्याएका सवालहरु
- सवालहरुको प्राथमिकीकरण
- यी सवालहरुलाई संबोधन गर्ने (समय सीमा सहित)
- सामाजिक प्रतिवेदनले समेट्न नसकेका विषयबस्तुहरु
- सुझावहरु

**घ) प्रतिवेदन तयारी :**

यस क्रममा सामाजिक जिम्मेवारी बहनमा देखिएका प्रमुख समस्या, चुनौती, तिनीहरूको कार्यान्वयनको अवस्था र भावी कार्यदिशाका बारेमा समेत गहन अध्ययन गरि प्रतिवेदन तयार

गरीयो । प्रतिवेदन तयार गर्दा विषयगत ईकाई र गैससहरुले समेत गरेको कामहरुको बिवरण समेत गाउँपालिकाको अंगको रुपमा समावेश गरी तयार भएको प्रतिवेदन सामाजिक परीक्षण कार्यक्रममा पेश गरीयो । तोकिएको ढाँचामा आधारित मस्यौदा प्रतिवेदन तयार पारियो । सामाजिक परीक्षण कार्यक्रममा प्रस्तुत प्रतिवेदन उपर छलफलका क्रममा उठेका सुझाव सहित अन्तिम प्रतिवेदन तयार गरीयो ।

## २.३ सामाजिक परीक्षणका चरणहरु

**तयारी चरणः** यस चरण अन्तरगत सामाजिक परीक्षकले सामाजिक परीक्षण समिति वा कर्मचारीहरुको सहयोगमा प्रारम्भिक प्रतिवेदन तयार पारियो ।

**छलफल तथा प्रस्तुतीकरण चरणः** यस चरणमा सामाजिक परीक्षकले तयार गरेको प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरेपछि सहभागिहरुद्धारा उक्त प्रतिवेदन उपर खुला छलफल भएको थियो । यस चरणमा सामाजिक परीक्षकद्धारा आगामी बर्षका लागि सुझावहरु समेत संकलन भएको थियो ।

**समीक्षा तथा कार्ययोजना तयारी चरणः** यस चरणमा दोश्रो चरणमा उठेका जिज्ञासाहरु, आलोचनाहरु र प्रश्नहरुका साथै आएका सुझावहरुलाई कार्यान्वयनमा लैजानका लागि एउटा कार्ययोजना निर्माण गरी सामाजिक परीक्षणको समग्र प्रक्रियाको बारेमा समीक्षा भएको थियो ।

**सहभागिताः**

- सामाजिक परीक्षणको समीक्षा तथा छलफल भेलामा उपस्थित हुन गाउँसभाका सबै सदस्यहरु, प्रमुख सरोकारवालाहरू, उपभोक्ता समितिका प्रतिनिधिहरु, वास्तविक उपभोक्ताका प्रतिनिधिहरू, नागरिक समाज राजनैतिक दल, प्रमुख करदाताहरू, पूर्व जनप्रतिनिधिहरू, पिछडिएका वर्ग, बालबालिका, महिला प्रतिनिधिहरु, स्थानीय गैसस,

सामुदायिक संस्थाहरू, बुद्धिजीवीहरू, साझेदार संस्थाहरु, गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत, बिभिन्न समितिका प्रमुखहरु, लेखा प्रमुख, विषयगत इकाईका प्रमुखहरुको उपस्थितिको लागि आह्वान भएको थियो ।

- स्थानीय तह र विषयगत शाखाहरु सहितको वार्षिक योजनामा समावेश भएका गैर सरकारी संस्थाहरुको हकमा स्थानीय तहकै अभिन्न अंगको रुपमा सामाजिक परीक्षणमा समावेश गरिएको छ । सामाजिक परीक्षकले कार्यालय, सरोकारवाला र वास्तविक उपभोक्ताहरु, प्रतिनिधिहरु, राजनैतिक दलका प्रतिनिधिहरुसँग अन्तरक्रिया गरी सामाजिक प्रतिवेदन तयार गरिएको छ ।

## २.४ सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुती कार्यक्रम सञ्चालन

१. सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुती कार्यक्रममा सहभागीहरुको उपस्थिति पुस्तिका राखि उक्त पुस्तिकामा सहभागीहरुको नाम, पद, ठेगाना र हस्ताक्षर सहितको उपस्थिति उठाइएको थियो

२. कार्यक्रमको प्रारम्भमा सहभागीहरुलाई कार्यक्रमको उद्देश्य, सञ्चालन विधि, समय र आचारसंहिताबारे जानकारी दिइएको थियो ।

३. सामाजिक परीक्षकद्धारा तोकिए बमोजिमको ढाँचामा तयार गरिएको विवरण प्रस्तुत गरियो ।

४. गाउँपालिकाको तर्फबाट कार्यक्रममा विवरण प्रस्तुत भएपछि सामाजिक परीक्षण समन्वय समितिको तर्फबाट कार्यक्रमका सहभागीहरु समक्ष निम्न प्रकारका प्रश्नहरु क्रमश राखि खुला छलफलको माध्यमबाट सहभागीहरुको प्रतिक्रया तथा सुझावहरु संकला गर्ने कार्य गरियो ।

  - गाउँपालिकाले गरेका नीतिगत निर्णय तथा प्रकृयागत सुधारले पारेको प्रभाव कस्तो छ ?
  - गाउँपालिकाले गरेका विकास योजनाहरुमा जनसहभागिताको स्थिति के कस्तो छ ?

- गाउँपालिकाले ठिक समयमा सेवा, सुविधा दिन नसकेको अवस्थामा जनताले भोग्नुपरेका समस्याहरु के के होलान् ?
- गाउँपालिकाको तर्फबाट पेश गरेको विवरण प्रतिको विश्वासनियता कस्तो छ ?
- बालबालिका, महिला, दलित, जनजाति, गरिव, जेष्ठनागरिक र पिछडिएका वर्गलाई मूलधारमा ल्याउन गरेका प्रयासहरुको प्रभावकारीता सामाजिक रुपमा कस्तो भयो ?
- गाउँपालिकाले दिएको सेवाको गुणस्तर, दस्तुर, सेवा दिन लगाएको समय र कार्य सम्पादनको स्तर कस्तो छ ?
- सामाजिक उत्तरदायित्व पूरा गर्न स्थानीय तहको वर्तमान कार्य तथा कार्यशैलीमा सुधार ल्याउन प्राप्त सुझावहरु के के छन् ?

५. सहभागीहरुले कार्यक्रममा राखेका विचार, सुझाव तथा प्रतिक्रियाहरुलाई सामाजिक परीक्षण समन्वय समितिका पदाधिकारीहरु तथा सामाजिक परीक्षकले टिपोट गरी सहभागीले राखेका जिज्ञासा तथा विचारमा स्थानीय तहको तर्फबाट थप स्पष्ट पारिएको थियो।

६. सामाजिक परीक्षण प्रतिवेदन गाउँसभामा पेश गर्नुपर्नेछ ।

७. गाउँसभाले स्वीकृत गरेको सामाजिक परीक्षण प्रतिवेदन सार्वजनिक हुनेछ ।

८. सामाजिक परीक्षण प्रतिवेदन कार्यान्वयन गराउने जिम्मेवारी चुमनुब्री गाउँपालिकाको हुनेछ

## २.५ आचारसंहिता

सामाजिक परीक्षण प्रतिवेदन प्रस्तुत गरिने कार्यक्रममा उपस्थित आयोजक सहजकर्ता तथा सहभागीहरुले निम्न अनुसारका आचारसंहिता पालना गरिएको थियो ।

- विषयबस्तुमा मात्र केन्द्रित रहि छलफल गर्ने ।

- तथ्य र सूचनाको आधारमा मात्र विचार प्रस्तुत गर्ने ।
- निजी तथा ब्यक्तिगत कुरामा टिप्पणी नगर्ने तथा ब्यक्तीगत आक्षेप नलगाउने ।
- सहभागीहरुले ब्यक्त गरेका विचारहरुमा प्रतिवाद नगर्ने प्राप्त प्रतिक्रिया सुझावहरु तथा टिप्पणीलाई सकरात्मक रुपमा लिने ।
- ब्यक्ति तथा संस्थाको सार्वजनिक मर्यादा र शिष्टाचारलाई कायम गर्ने ।
- सहभागीहरुलाई वीचार राख्न प्रोत्साहन गर्ने र विचारको लागि धन्यवाद दिने ।
- सामाजिक परीक्षकले बोल्ने समय दिएपछि मात्र सहभागीहरुले आफ्ना कुराहरु राख्ने ।
- बोल्दा पालैपालो बोल्ने र एकजना ब्यक्ति एक पटक मात्र बोल्ने ।
- आफ्ना कुराहरुलाई छोटकरीमा स्पष्टरुपमा राख्ने र बिचमा अर्काको कुरा नकाट्ने ।

## परिच्छेद-३

### ३.१ सामाजिक परीक्षणको लक्ष्य

- गाउँपालिकाले आ.व. २०८०/०८१ मा सञ्चालन गरेका कम्तीमा १७ वटा कार्यक्रमहरु तथा योजनाहरुको क्षेत्रगत संख्या पहिचान गर्ने ।
- गत आ.व. २०८०/०८१ मा गाउँपालिकाबाट विकास निर्माणको सन्दर्भमा सम्पादन भएका क्रियाकलापहरुबाट उपभोक्ताहरुले लिएको फाइदा थाहा पाउने ।
- गत आ.व. मा गाउँपालिकाबाट सम्पादन भएका कार्यक्रमबाट प्राप्त उपलब्धिहरुलाई प्रतिवेदनका रुपमा प्रकाशन गर्ने ।
- गाउँ कार्यपालिकाको कार्यालयमा प्राप्त प्रतिवेदनमा औल्याइएका सुझावहरुलाई आगामी वर्षको योजना तर्जुमाको अभ्यासमा अबलम्वन गर्ने ।

### ३.२ क्रियाकलापहरु

- गाउँपालिकाले कानुन बमोजिम मापदण्ड पुगेको सामाजिक परीक्षक सेवा करारमा नियुक्त गर्ने कार्य भएको ।
- गाउँपालिकामा एक सामाजिक परीक्षण समन्वय समिति गठन गरि सामाजिक परीक्षणको कार्यलाइ अगाडि बडाइएको ।
- उपभोक्ता समिति र उपभोक्ताहरु बिच छलफलको आचारसंहिता तयार गरी लागु गरिएको।
- गाउँपालिकामा कार्यरत कर्मचारीहरु र उपभोक्ता समितिहरुसँग अन्तर्क्रियात्मक छलफल गरिएको ।

- प्रतिवेदन प्रस्तुति र छलफल गर्ने कार्य सम्पन्न भएको ।
- प्रतिवेदन तयारीको चरण र छलफलको चरणमा उठेका सुझाव तथा निर्णयहरुलाई प्रतिवेदनमा समावेश गरिएको ।
- सामाजिक परीक्षणको लागि सम्पूर्ण तयारी पुरा भएको ।
- सामाजिक परीक्षणको प्रारम्भिक प्रतिवेदन प्रस्तुति गर्ने कार्य भएको ।
- प्रतिवेदनको तयारी गरि कार्यपालिकामा बुझाउने कार्य ।
- प्रतिवेदनको कार्यान्वयन ।

## ३.३ कार्यक्रम अवधि

२०८१ साल मंसिर र पुष २५ दिन ।

## ३.४ सामाजिक परीक्षण कार्यक्रममा सहभागी भएको जनशक्ति

- गाउँपालिकाका पदाधिकारीहरु
- प्रमुख प्रशासकीय अधिकृत लगायत अन्य कर्मचारीहरु
- सामाजिक परीक्षण विज्ञ
- उपभोक्ता समितिका पदाधिकारीहरु
- वडा तहका कर्मचारीहरु
- गाउँपालिकाका सहयोगी कर्मचारी १ जना ।

## ३.५ अनुगमन, मूल्याङ्कन र व्यवस्थापन

कार्यकर्मको अनुगमन, मूल्याङ्कन र व्यस्थापन गर्नका लागि देहाय बमोजिम एक सामाजिक परीक्षण समन्वय समिति गठन भएको हुनेछ ।

| | | |
|---|---|---|
| (क) | गाउँपालिका अध्यक्ष | संयोजक |
| (ख) | गाउँपालिका उपाध्यक्ष | सदस्य |
| (ग) | प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| (घ) | प्राविधिक शाखा प्रमुख वा प्रतिनिधि | सदस्य |
| (ङ) | आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| (च) | योजना शाखा प्रमुख | सदस्य |
| (छ) | महिला तथा बालबालिका शाखा प्रमुख | सदस्य |

## ३.६ चुमनुव्री गाउँपालिकाको प्राथमिकता र आवश्यकताका महत्वपूर्ण विषयहरुः

- चुमनुव्री गाउँपालिकाको शासन, विकास र सेवा प्रवाहलाई वस्तुनिष्ट, व्यवस्थित र प्रभावकारी बनाउन गाउँपालिकाको गुरुयोजना निर्माण गर्ने।
- चुमनुव्री गाउँपालिकाको आफ्नै प्रशासकीय भवन निर्माणका लागि संघीय सरकारसँग साझेदारी गर्ने ।
- वेनिघाट रुइला नाका उत्तर दक्षिण लोकमार्ग यथाशिघ्र सम्पन्न गर्न आवश्यक पहल गर्ने।
- सिर्दिबास देखि चुमचेत, छेकम्पार हुँदै डुइला भन्ज्याङ नाका जोड्ने उत्तर दक्षिण लोकमार्ग निर्माणको लागि थप बजेटको पहल गर्ने ।
- निर्माणको सर्भे तथा निर्माण कार्य नेपाली सेनामार्फत गराउन नेपाल सरकारलाई नीतिगत निर्णय गर्न अनुरोध गर्ने ।
- गाउँपालिका केन्द्र फिलिम बजार, जोड्ने मोटरेबल पुल निर्माण प्रक्रिया अगाडि बढाई सडक सञ्जालमा चुमनुव्री गाउँपालिकालाई जोड्ने ।

- चुम उपत्यकालाई ऐतिहासिक श्याग्या(अहिँसा)क्षेत्र घोषणा गर्न नेपाल सरकारलाइ नीतिगत निर्णय गर्नको लागि पहल गर्न अनुरोध गर्ने ।
- नेपाल टेलिकमबाट विस्तार गरिएको इन्टरनेट सेवालाई गाउँपालिकाभित्र छिटो, छरितो, सस्तो र उच्च गतिमा सञ्चालन गर्न आवश्यक समन्वय गर्ने ।
- प्रकृति, संस्कृति संरक्षण तथा वातावरणमैत्री, गुणस्तरीय शिक्षा लगायतका विविध नागरिकमैत्री सेवा व्यवस्थापनका लागि जनतासँग अध्यक्ष कार्यक्रम सञ्चालन गर्ने ।
- चुमनुव्री गाउँपालिकाभित्र मनास्लु संरक्षण क्षेत्र समेत रहेकाले वातावरण संरक्षणका साथै जैविक विविधताको संरक्षण र संवर्द्धन गरी पर्यावरणीय सन्तुलन कायम गरी हरित अर्थतन्त्र निर्माण गर्न "Go Green" भन्ने नारासहित डढेलोमुक्त क्षेत्र घोषणा गरी कार्यान्वयनमा लैजाने।
- वनजंगल, जलाधार एवं जैविक विविधताको विकास र संरक्षणका लागि वन क्षेत्रमा बृहत वृक्षारोपण गर्ने, पहिरो नियन्त्रणका लागि ग्याविन जाली लगाउने र खोला तथा नदी किनारामा तटबन्ध लगाउने कार्य मनास्लु संरक्षण क्षेत्र आयोजनाको सहकार्यमा गर्ने ।
- चुमनुव्री गाउँपालिकाको प्रदुषण नियन्त्रण गर्न सरोकारवाला सबै पक्षहरुसँग समन्वय गरी आवश्यक कार्यक्रम अगाडि बढाइनेछ । साथै चुमनुव्री गाउँपालिकालाई सिसा तथा प्लाष्टिकमुक्त गाउँपालिका बनाउन आवश्यक नीतिगत व्यवस्था गर्ने ।
- चुमनुव्री गाउँपालिकाको सबै सामुदायिक तथा धार्मिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको पुनर्गठन गरी विशेष शिक्षा नीति अपनाउने ।
- तीनै तहका सरकारवीच कार्यात्मक अन्तरसम्बन्ध सुदृढ गरी काममा आउन सक्ने दोहोरोपनालाई अन्त्य गर्ने ।

- वुद्ध मा.वि. लाई तह Upgrade गरी १२ कक्षासम्म पठनपाठनको लागि शिक्षक कर्मचारी दरबन्दी र भौतिक पूर्वाधारहरुको व्यवस्था गर्ने ।
- वुद्ध माध्यामिक विद्यालयमा प्राविधिक विषयको पठ्नपाठनका लागि अनुमति लिई प्राविधिक विषयको शिक्षा प्रदान गर्ने।
- चुमनुव्री गाउँपालिकाको आन्तरिक राजस्व संकलनलाई थप सुदृढ र चुस्त बनाउने । गाउँपालिकाभित्र हुने सबै प्रकारका व्यवसायिक गतिविधिहरुलाई गाउँपालिकामा व्यवसाय दर्ता गराउन थप पहल गर्ने ।
- जडिवुटी तथा पर्यटनबाट प्राप्त हुने राजस्वलाई बढावा दिनको लागि सरोकारवालाहरुसँग समन्वय र साझेधारी गर्ने ।
- भेडा पालन गर्ने वडा नं. ३ को न्याक, पाङसिङ, आदि ठाउँका भेडापालक कृषकलाई उन्नत जातको भेडापालनको लागि आवश्यक सहयोग गर्ने ।
- सिर्दिवास, विही, प्रोक, चुमचेत, छेकम्पार र ल्होमा स्याउ पकेट क्षेत्र सञ्चालन गरी आवश्यक प्राविधिक तथा आर्थिक अनुदान उपलब्ध गराउने । उक्त स्थानहरुबाट उत्पादित स्याउलाई मनास्लु स्याउ को रुपमा ब्राण्डिङ गर्ने नीति घोषणा गर्ने ।
- चुमनुव्री गाउँपालिका वडा नं. ३ स्थित देवल, सल्लेरी, नाक्चेत, घट्टेखोला, चुमनुव्री गाउँपालिका वडा नं. ६ स्थित लोक्पा, चुमनुव्री गाउँपालिका वडा नं. ७ स्थित छुले गाउँ पहिरो नियन्त्रणको लागि केन्द्र सरकारसँग पहल गरिने तथा विस्थापित परिवारलाई उनिहरुको सहमतिमा व्यवस्थापन गर्ने।
- युवाहरुलाई विदेश जानबाट रोक्न गाउँमै कृषि, व्यापार, व्यवसाय, पर्यटन, जडिबुटी, उद्योगधन्दा तथा अन्य रोजगारीका गतिविधिमा संलग्न गराइनेछ र गाउँपालिकाभित्र रहेका

उद्यमीहरुको पहिचान गरी स्थानीय स्रोत र सीपमा आधारित उद्यमशिलता विकासलाई जोड दिने ।

- यस गाउँपालिका अन्तर्गत रहेका नापी छुट भएका जग्गा दर्ता तथा अव्यस्थित बसोबासी सुकुम्बासी समस्याको समाधान गर्न पहल गर्ने ।
- फिलिम स्वास्थ्य केन्द्रलाई MBBS डाक्टर दरबन्दी र प्राविधिक उपकरण सहितको स्तर वृद्धि गर्न केन्द्रमा पहल गर्ने ।
- सातै वटा वडाभित्र रहेको पुरातात्विक, धार्मिक महत्वका वौद्ध गुम्बाहरुको जिर्णोद्धार तथा पुननिर्माण गरी वौद्ध शिक्षा तथा धार्मिक सांस्कृतिक पर्यटनको प्रवर्द्धन गर्ने।
- फिलिम बजारदेखि ने दुङ्करचेत हुँदै गणेश हिमाल वेश क्याम्प जाने ट्रेकिङ्ग कटको सुधार तथा सेल्टरहरुको निर्माण गर्ने । यस क्षेत्रको पर्यटन क्षेत्रलाई उकास्नको लागि अझै पनि लुप्त रुपमा रहेका पर्यटकीय, धार्मिक, सांस्कृतिक गन्तव्यहरुको खोजी गरी सोको प्रचारप्रसार, संवर्द्धन, तथा प्रवर्द्धन गर्ने ।
- चुम भ्यालीको चुमचेत हुँदै नुव्री भ्याली विही जोड्ने पर्यटकीय पदमार्ग निर्माण गर्ने ।
- दुर्घटना तथा प्राकृतिक विपत्तिबाट मृत्यु भएका परिवारहरुलाई काजकिरिया खर्चवापत् १५,०००/- सम्म तत्काल उपलब्ध गराउने ।
- गरिब तथा जेहन्दार विद्यार्थीलाई उच्च शिक्षा अध्ययनमा टेवा पुग्ने गरी छात्रावृति उपलब्ध गराउन कोष खडा गर्ने ।
- गाउँपालिकाको भू–उपयोग नीति तर्जुमा गरी जग्गाको वैज्ञानिक वर्गिकरण गर्ने ।
- कृषियोग्य भूमिमा बसोबास गर्ने कार्यलाई निरुत्साहित गर्ने ।

- चुम र नुब्री भ्यालीमा Health Assistant दरबन्दी सहितको प्राथमिक स्वास्थ्य केन्द्र स्थापना गरी स्वास्थ्यकर्मीबाट नियमित सेवा दिने व्यवस्था गर्ने ।
- सुत्केरी तथा इमर्जेन्सी विरामीहरुलाई हेलिकप्टरबाट तत्काल उद्धार गर्न हाल विभिन्न तहमा अनुमति लिनुपर्ने झन्झटिलो प्रक्रिया अन्त्य गर्नको लागि हवाई उडान प्रतिबन्ध हटाउनको लागि आवश्यक पहल गर्ने ।
- चुम र नुब्री तर्फका दुवै नाकाहरु खुलाई द्विपक्षीय व्यापारमा सहजीकरण गराइदिन संघीय सरकारलाई कुटनीतिक पहलको लागि अनुरोध गर्ने ।
- लार्के पास गर्ने पर्यटकहरुलाई लक्षित गरी प्राथमिक स्वास्थ्य उपाचार पाउने गरी धर्मशालामा सिजनल हेल्थ क्लिनिक टिम गाउँपालिकाबाट खटाउने ।
- सबै आधारभूत विद्यालयहरुमा अनिवार्य अंग्रेजी माध्यमको पढाई सञ्चालन गर्न आवश्यक सहयोग गरी बालबालिका पढाउन वावुआमाले नै गाउँ छाड्ने समस्या समाधान गर्ने ।
- यस गाउँपालिकाभित्रका निसिराङ छो, काल ताल, विरेन्द्र तालमा पर्यटन प्रवर्द्धनका लागि आवश्यक प्रक्रिया अगाडि बढाउने ।
- जडिबुटी खेती गर्ने किसानहरुबाट आवश्यक ज्ञान, सिर्प, प्रविधि र आर्थिक अनुदान उपलब्ध गराउने।
- जडिवुटी तथा कृषि सहकारी मार्फत जडिवुटी प्रशोधन केन्द्र स्थापना गरी स्थानीय जनताको आयआर्जनमा टेवा पुर्‍याउने ।
- गाउँपालिकाभित्र ठूला जलविद्युत आयोजना यथाशिघ्र निर्माण सूचारु गर्न पहल गर्ने र त्यसमा स्थानीय जनताको शेयर सुनिश्चित गराई गरिबी निवारण गर्ने ।
- चुमनुब्री गाउँपालिका मनास्लु संरक्षण क्षेत्र प्रवेश गर्ने विदेशी पर्यटकहरुको प्रवेश शुल्क

सम्बन्धमा राष्ट्रिय प्राकृतिक संरक्षण कोष र मनास्लु संरक्षण क्षेत्र आयोजनासँग समन्वय तथा परामर्श गरी आवश्यक व्यवस्था गर्ने ।

- गाउँपालिकाभित्र विभिन्न प्राकृतिक खानीहरु जस्तै सुन, तामा, सिसा, शिलाजित, ढुङ्गा, वालुवा आदिको नेपाल सरकार खानी विभागसँग समन्वय गरी सम्भाव्यता अध्ययन गर्ने ।
- नेपाल सरकार वन मन्त्रालय र मनास्लु संरक्षण क्षेत्र आयोजना (MCAP) सँग समन्वय गरी वन्यजन्तु तथा जैविक विविधता संरक्षण कार्यक्रम सञ्चालन गर्ने ।
- गाउँपालिका र इलाका प्रशासन कार्यालयको समन्वयमा नागरिकता, जन्मदर्ता लगायतका घुम्ती सेवाहरु प्रवाह गर्ने ।
- बाहिरबाट आउने मदिरा, वियर, रक्सी आदिको व्यवस्थापन गरी स्थानीय अन्न र फलफूलबाट उत्पादित लोकल मदिराको ब्रान्डिङ गरुडे पर्यटकबाट आयआर्जन गर्न नीतिगत पहल गर्ने ।
- याक, चौंरीपालन व्यवसायलाई सहयोग गरी छुर्पी तथा चिज उद्योग स्थापना गर्ने ।
- प्रत्येक सामुदायिक विद्यालयहरुमा खेलकुद मैदान र कम्पाउन्ड घेराबार निर्माण गर्ने ।
- यस गाउँपालिकामा रहेका बेरोजगारहरुको लगत संकलनलाई थप प्रभावकारी बनाई प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत रोजगारी प्रदान गर्ने ।
- रुपिनाला पर्यटन पदमार्ग मर्मत एवं सुधार, आवश्यक झोलुङ्गे पुल र सेल्टरको व्यवस्था गर्ने ।

- प्रसिद्ध बौद्ध धार्मिक स्थल सेराङ गुम्बा, हिनाङ गुम्बा, ल्हो गुम्बा, सामा गुम्बा, राजेन गुम्बा, मु गुम्बा, चुम गुम्बा, गुम्बा लोङङाङ, पुरोन्फु गुफालाई बौद्ध दर्शन तथा शिक्षाको केन्द्रको रुपमा प्रवर्द्धन गर्ने ।
- सेवा प्रदायक सार्वजनिक निकायहरुको सकेसम्म आफ्नै प्रशासकीय भवनको निर्माणका लागि केन्द्र सरकारसँग आवश्यक पहल गर्ने ।
- इलाका प्रशासन कार्यालयबाट हुने सेवा प्रवाहलाई छिटो, छरितो, सर्वसुलभ बनाउन आवश्यक प्राविधिक उपकरणहरु जुटाउन पहल गर्ने।
- कृषि, जडिवुटी, पर्यटन, पशुपालन लगायतका आर्थिक विकासका संवाहक क्षेत्रमार्फत आर्थिक क्रान्ति गर्ने ।
- अति विपन्न गरिब घरपरिवार पहिचान गरी जीविकोपार्जन सुधार हुने गरी आवश्यक सिप तालिम तथा विउ पुँजी उपलब्ध गराउने ।
- महिला, बालबालिका तथा युवा सशक्तीकरण गर्नका लागि आवश्यक बजेट विनियोजन गर्ने ।
- गाउँपालिकाभित्रका राजनीतिक दल, नागरिक समाज, बुद्धिजीवीहरुसँग मित्रवत् सम्बन्ध कायम राख्दै शासन, विकास र सेवा प्रवाहमा सबै सरोकारवाला पक्षसँग हातेमालो गरी अगाडि बढाउने ।
- जैविक तथा सांस्कृतिक खुला संग्रहालयको रुपमा रहेको चुमनुब्री गाउँपालिकालाई जातीय, धार्मिक,भाषिक, सांस्कृतिक एकताको केन्द्रको रुपमा अगाडि बढाउने ।

- गाउँपालिका भित्रका डाक्टर, इन्जिनियर, पर्वतारोही, उच्च पदस्थ राष्ट्रसेवक कर्मचारी, शिक्षाविद, समाजसेवी, सफल व्यवसायी, खेलाडी, कलाकार लगायतका विशिष्ट व्यक्तित्वहरुलाई समय समयमा विशेष सम्मान गर्ने परिपाटी बसाउने ।
- गाउँपालिका भित्रका विद्यालयहरुबाट SEE मा सर्वोत्कृष्ठ अंक प्राप्त गर्ने विद्यार्थीहरुलाई विशेष सम्मान र पुरस्कार प्रदान गर्ने ।
- सिर्दिबासमा कृषि विकास बैंक स्थापना गरी स्थानीय किसानहरुलाई सहुलियत ऋण सुविधा उपलब्ध गराउन पहल गर्ने ।
- प्रत्येक वडामा गाउँघर क्लिनिक सेवा सञ्चालन गर्ने ।
- स्थानीय स्रोत साधनको महत्तम उपयोग गरी गाउँपालिकाको राजश्व वृद्धिका लागि आवश्यक कार्यक्रमहरु अगाडि बढाउने ।
- गाउँपालिकाको दिर्घकालिन महत्वको परियोजना तथा गुरुयोजनामा समेटिएका आयोजनाहरु प्राथामिकताका आधारमा कार्यान्वयन गर्दै लैजाने ।
- सेवा प्रवाहलाई चुस्त, दुरुस्त, भ्रष्टचारमुक्त, पारदर्शी र जनउत्तरदायी बनाउन शुन्य सहनशिलताको सिद्धान्त अपनाउने ।
- आँगा, सरसिउँ, न्याक र भालुवन जस्ता ओझेलमा परेका गाउँहरुको विकास निर्माण लगायतका सेवा प्रवाह सम्बन्धी कार्यहरुमा विशेष प्राथमिकता दिने ।
- एक घर एक धारा खानेपानी र एक घर एक शौंचालय कार्यक्रमलाई निरन्तरता दिने ।
- शैक्षिक गुणस्तर अभिवृद्धिका लागि बालमैत्री शिक्षक सिकाईको अवधारणा अगाडि बढाउने ।
- चुमनुब्री गाउँपालिकाभित्र एक वडा एक गौरवको आयोजना अगाडि बढाउने ।

- चुमनुब्री गाउँपालिका वडा नं. ३, सिर्दिबास, वडा नं. ६, चुमचेत र वडा नं. ७, छेकम्पार जोड्ने नयाँ पर्यटकीय पदमार्ग निर्माण गरिउने ।
- मनास्लु पर्यटकीय पदमार्गलाई स्तरोन्नति गर्ने ।
- गाउँपालिका मातहतका सम्पूर्ण कार्यालयमा नागरिक वडापत्र तथा जिन्सी अभिलेख दुरुस्त राख्ने ।
- जसको नाममा योजनाको टेण्डर स्वीकृत भएको छ त्यसैबाट निर्माण कार्य सम्पन्न गर्नुपर्ने तथा निर्माण कार्य समयमा सम्पन्न गर्न नसकेमा कानूनअनुसार कारवाही गर्ने ।
- यस गाउँपालिकालाई विशेष क्षेत्र कायम गर्न प्रदेश सरकारले गरेको सिफारिसलाई धन्यवाद दिँदै संघीय सरकारलाई विशेष क्षेत्र कायम गरिदिन अनुरोध गर्ने ।

## परिच्छेद-४

## अनुसन्धनात्मक भाग

### ४.१ बृहत छलफल कार्यक्रमहरुको विवरण

चुमनुब्री गाउँपालिकाद्धारा गत आर्थिक वर्ष २०८०/८१ मा सम्पन्न गरेका योजना तथा कार्यक्रमहरुको वडा नं ३ स्थित फिलिम वस्तीमा सामाजिक परीक्षण विज्ञ समूह टिमलिडर महेन्द्र प्रसाद लामिछाने र विज्ञ जुनादेवी पुनले देहाय बमोजिमका जिज्ञासाहरु राखुभएको थियो भने उपस्थित सहभागीहरुले उत्तर दिनुभएको थियो ।





### ४.२ गत आर्थिक वर्षको यथार्थ आयव्ययको विवरण

**आन्तरीक आयः**

- जम्मा अनुमान १८ लाख ५६ हजार १ सय मात्र
- यथार्थ संकलन भएको रु.२७ लाख ४ हजार मात्र (१४५.६८ प्रतिशत)

कुल बजेटः  रु. ४२ करोड २५ लाख ४ हजार

कुल खर्चः  रु. २५ करोड १५ लाख (५९.७ प्रतिशत)

कुल चालु बजेटः रु. २५ करोड ९७ लाख ४ हजार

कुल चालु खर्चः रु. १५ करोड ९८ लाख (६१.१ प्रतिशत)

कुल पूँजिगत बजेटः रु. १६ करोड २८ लाख

पूँजिगत खर्चः रु. ९ करोड १७ लाख ( ५७.४ प्रतिशत)

समग्रमा आ. व. २०८०/८१ मा २५ करोड १५ लाख अर्थात ५९.७ प्रतिशत यथार्थ बित्तीय प्रगति भएको देखिन्छ।

## ४.३ गत आ. व. २०८०/०८१ को योजनागत विवरण

जम्मा योजनाः ४३ वटा

सम्पन्न योजनाः ३९ वटा

कार्यन्वयन नभएका योजनाः १ वटा

**तालिकाः वडागत रुपमा गत आ. व. २०८०/०८१ को योजना विवरणः**

| क्र.स. | वडा नं | योजना संख्या | सम्झौता भएका योजना | सम्पन्न भएका योजना | भुक्तानी हुन बाँकि योजना | कार्यन्वयन नभएका योजना |
|---|---|---|---|---|---|---|
| १. | १ | ३ | ३ | १ | २ | ० |
| २. | २ | ९ | ९ | ९ | ० | ० |
| ३. | ३ | १५ | १४ | १३ | १ | १ |
| ४. | ४ | ४ | ४ | ४ | ० | ० |
| ५. | ५ | २ | २ | २ | ० | ० |
| ६. | ६ | ४ | ४ | ४ | ० | ० |
| ७. | ७ | ६ | ६ | ६ | ० | ० |
| जम्मा | | ४३ | ४२ | ३९ | ३ | १ |

**माथीका योजनाहरु मध्ये प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत**

| सि.नं. | वडा नं. | योजना |
|---|---|---|
| १ | २ ल्हो | लिहि गाउँ ग्याविन भर्ने योजना |
| २ | ३ सिर्दिवास | गुम्वा खोलामा ग्याविन भर्ने योजना |

| | | |
|---|---|---|
| ३ | ४ प्रोक | नामरुङ खोला ग्याविन भर्ने योजना |
| ४ | ५ विहि | विहि गाउँ गोरेठो निर्माण योजना |
| ५ | ६चुम्चेत | चुम्लिङ भवनका लागि जग्गा सम्याउने योजना र लोक्पा गोरेटो बाटो निर्माण योजना |
| ६ | ७ छेकम्पार | स्यार खोला ग्याविन भर्ने योजना |

**सेवा प्रवाह सम्बन्धीः**

- गाउँपालिकाबाट कुल सिफारिस संख्याः ४५१
- कुल लाभग्राहीः ११०७ जना (२०८१ साल असार मसान्त सम्मको)
- सामाजिक सुरक्षा भत्ता वितरण कुल रकमः ४ करोड ५२ लाख ५१ हजार १ सय रुपयाँ
- चुमनुब्री गाउँपालिका अन्तर्गत वडा नं २, ३, ४ र ५ का विभिन्न स्थानमा बजार अनुगमन गरि म्याद गुज्रिएका मालसामान नष्ट गरिएको ।
- व्यवसाय दर्ता गरि सञ्चालन गर्न निर्देशन दिईएको, फोहोरमैला नियन्त्रण तथा व्यवस्थापनका लागि सचेतना फैलाईएको समग्रमा उपभोक्ता हित संरक्षणमा टेवा पुगेको ।

**उद्यम विकास शाखा अन्तर्गतः**

- सामाजिक परिचालन कार्यक्रम सम्पन्न, लाभान्वित संख्या ६७ जना

  स्थानः वडा नं ३ एक्लेभट्टी, पाङसिङ र सर्क्यू, ४ प्रोक र ६ चुम्चेत र चुम्लिङ
- उद्यमशिलता विकास तालिमः  लाभान्वित संख्या ६७ जना
- स्थान वडा नं ३ एक्लेभट्टी, पाङसिङ र सर्क्यू, ४ प्रोक र ६ चुम्चेत र चुम्लिङ
- प्राविधिक सिप विकास तालिम सञ्चालन भएको र उपयुक्त प्रविधिमा पहुँच कार्यक्रम सम्पन्न भएको ।

- उपाध्यक्ष महिला सशक्तिकरण कार्यक्रम अन्तर्गत ७ दिने नेतृत्व तथा भाषणकला तालिम र ३० दिने र बख्खु बुन्ने wate Windows तालिम सम्पन्न भएको ।

**कृषि शाखा अन्तर्गत**

- मौरीपालन तालिम : लाभान्वित संख्या ३० जना

स्थानः वडा नं ३ फिलिम, आगा, सर्म्यु र फाक्पा

- तरकारी नर्सरी व्यवस्थापन तालिम : लाभान्वित संख्या ७० जना

स्थानः वडा नं ५ विहि, वडा नं ४ प्रोक, वडा नं ६ लोक्पा, वडा नं. ३ आगा र फाक्पा

- बमौसमी तथा मौसमी तरकारी खेती तालिमः लाभान्वित संख्या १५ जना

स्थानः सर्क्यू

- कृषि औजार खरिद तथा ढुवानी कार्यक्रम : लाभान्वित संख्या ६ जना

स्थानः वडा नं ३ आगा सर्म्यु फिलिम र भालुवाङ

वितरण गरिएको औजारः कर्न सेलर र सिकेचर

- उन्नत जातको गहुँ विउ वितरण
- ग्रिन हाउस खेती कार्यक्रम
- दाँते ओखर वेर्ना वितरण
- स्याउ वेर्ना वितरण
- आलु पकेट जोन प्रवर्द्धन कार्यक्रमः विभिन्न तरकारी खेती तालिम तथा बिउ वितरण कार्यक्रम

**स्वास्थ्य शाखा अन्तर्गत**

- प्रदेश स्वास्थ्य सुचकांकमा यस अघि ८३ औ स्थानमा रहेकोमा हाल स्वास्थ्य क्षेत्रमा प्रगती गर्दै ४६ औ स्थानमा आउन सफल भएको ।
- खोप सेवा अन्तर्गत क्याटागोरी पहिलो स्थानमा रहेको।
- सम्भव नेपाल संस्थाबाट एम्बुलेन्स प्राप्त गरी हाल सेवा प्रवाह रहेको।
- गर्भवती महिलाको निशुल्क हेली उद्धार सेवा प्रदान गरिएको ।
- बर्थिङ सेन्टर विस्तार तथा सामाग्री वितरण गरी सुविधा सम्पन्न गराईएको ।
- पोसिलो झोला कार्यक्रम सञ्चालन भई सुत्केरी हुने महिलाहरूलाई २४ घण्टा सम्म स्वास्थ्य संस्थामै निगरानीमा राखी सेवा उपलब्ध गराईएको ।
- अघिल्लो आ.व.बाट टोल टोलमा स्वास्थ्य परिक्षण कार्यक्रम सञ्चालन गरि नियमित रूपमा स्वास्थ्य जाँच गरी औषधी वितरण गरीएको ।
- गर्भभती महिलाको गाउँकै स्वास्थ्य संस्थाबाट ग्रामिण अल्ट्रसाउण्डको सेवा प्रवाह गरिएको
- न्युनतम स्वास्थ्य मापदण्ड बमोजिम सेवा सुनिश्चित गर्न आवश्यक सामाग्रीहरू व्यवस्थापन गरिएको ।
- सुत्केरी महिलाहरूलाई नेपाल सरकारले दिने रू.३००० अतिरिक्त गाउँपालिकाबाट रू.१२०० प्रदान गरेको ।

**प्रशासन शाखा अन्तर्गत भएका सुशासन कायमका प्रयासहरू**

- यस अवधिमा १६ वटा ऐन नियम, निर्देशिका तथा कार्यविधि निर्माण भएका छन् ।
- गाउँपालिकाको O&M सर्भे सम्पन्न भएको छ ।
- मध्यकालिन खर्च संरचना निर्माण गरी गाउँसभाबाट पारित गरिएको छ ।

- आन्तरिक आय वृद्धि गर्न पालिकाको एक्साभेटर परिचालन गरिएको, जडिबुटि छुट पुर्जीबाट आउने राजश्व संकलन भएको छ भने हाल मनास्लु संरक्षण क्षेत्रमा आउने विदेशी पर्यटकसँग रू,१००० र नेपाली पर्यटकसँग रू.२०० पदयात्रा शुल्क संकलन गर्ने गरिएकोमा असोज ९ गते नेपाली ३८ जना र विदेशी २२६ जना गरी जम्मा रू. २ लाख ३३ हजार ६ सय रूपैंया राजश्व संकलन भएको ।

**पशु सेवा शाखा अन्तर्गत**

- लम्पी स्किन रोग महामारी विरूद्धको खोप अभियान सम्पन्न भएको।
- पशु स्वास्थ्य शिविर कार्यक्रम सञ्चालनको चरणमा रहेको ।
- घुम्ति गोठ सामाग्री वितरण वितरण गरिएको ।
- पशु स्वास्थ्य सम्बन्धी औषधीजन्य सामाग्रीहरू निशुल्क वितरण गरिएको ।
- पूर्ण पशु खोप कार्यक्रम सञ्चालनरत रहेको ।
- कठिन तथा ठुलो भुगोल, यातायात तथा सञ्चारको सर्वसुलभ पहुँचको अभाव, गाउँपालिकामा न्यून कर्मचारी तथा कर्मचारी टिकाई राख्न नै चुनौती रहेको वर्तमान परिप्रेक्ष्यमा गाउँपालिका कतिपय अवस्थामा आशातित रूपमा नागरिक सन्तुष्टि हासिल हुने गरी सेवा दिन सकिएको भने छैन खासगरी वडा सचिव तथा प्राविधिक कर्मचारी संख्या अत्यन्तै न्यून रहेको र विषम भुगोल भएको कारणले गर्दा गाउँपालिकाबाट प्रवाह हुने सेवा तथा विकास निर्माणका कार्यहरू प्रभावित भने भएका छन् । सडक सञ्जाल दिगो र कर्मचारी पदपुर्ति भएमा सेवा प्रवाह तथा विकास निर्माणका कार्यहरू अझ प्रभावकारी हुने देखिन्छ ।

**पूँजीगत बजेट खर्चका चुनौतीहरू**

- भौगोलिक रूपमा विकट तथा १६३६ वर्ग किमि ठुलो भुगोलले गर्दा विकास निर्माणका कार्य अपेक्षितरूपमा प्रभावकारी बनाउन,
- सडक सञ्जाललाइ दिगो बनाइ निर्माण सामाग्री ढुवानी गर्न,
- कतिपय वडामा हिमपात लगायतका मौसमी चुनौतीहरूले गर्दा योजना सम्झौता भए अनुसार तोकिएको समयमा सम्न्न गर्न,
- गाउँपालिका भवनको निर्माण कार्य र गाउँपालिका केन्द्र तथा वडाहरूमा सडक सञ्जाल जोड्न र आशातित रूपमा बजेट तथा कार्यक्रम सञ्चालन गर्न,
- भौगोलिक रूपमा विकट तथा विषम रहेको हुँदा कर्मचारी संख्या न्यून रहनु तथा कर्मचारी टिकाई राख्न  ठूलो चुनौतीको रुपमा रहेको,
- लागत साझेदारी युक्त पुँजीगत कार्यक्रममा लाभान्वित समुहको चासोमा वृद्धि गर्न ।

## ४.४ योजना तथा कार्यक्रमहरुको वृस्तीत विवरण

**आयोजना —१**

योजनाको नामः सानो फिलिम ग्याविन निर्माण योजना

आयोजना स्थानः सानोफिलिम

उद्धेश्यः बस्ती जोगाउने

अध्यक्षः अनिल गुरुङ

कोषाध्यक्षः कमला गुरुङ

सचिवः इन्द्र गुरुङ

सदस्यहरुः माया गुरुङ, लाङ्पा गुरुङ, राम गुरुङ, सुनिता गुरुङ

लाभान्वीत जनसंख्याः २५० जना

लागत अनुमानः रु. ८१४०१५।००

क. कार्यालयबाटः रु.७०००००।००

ख. उपभोक्ता समितिबाटः रु. १३५०९५।००

योजनाको शुरु मितिः २०८०/०९/१६

योजना सम्पन्न मितिः २०८०/११/१८

योजनाबाट प्राप्त उपलब्धीः आवत जावत साथै ढुवानीमा सडकको सुबिधा, सबैलाइ सहजता भएको ।

योजना सम्पन्न गर्दा आइलागेका समस्याहरुः श्रमदान बापतको रकम उपभोक्ताबाट जुटाउन गाह्रो भएको, उपभोक्ता समितिले आँफुखुसि काम गर्ने गरेको, ठेकेदारलाई कामको जिम्मा लगाउने गरेको । युवाहरुको विदेश पलायनले गर्दा जनश्रमदान जुटाउनमा समस्या परेको।

**आयोजना –२**

आयोजनाको नामः 4G टावर घर निर्माण योजना

आयोजना स्थानः चुमनुव्री, २

उद्धेश्यः चुमनुव्री, २ मा 4G टावर घर निर्माण गर्नु

अध्यक्षः सुनाम घ्याल्जेन लामा

कोषाध्यक्षः छिरिङ डुन्डुप लामा

सचिवः पेमा लामा

सदस्यहरुः दोर्जे छिरिङ लामा, रितर छेवाङ लामा, मेन्तोक डोल्मा लामा

लाभान्वीत घरपरिवार संख्याः ५५०

लागत अनुमानः रु.६८७९६३।०९

क. कार्यालयबाटः रु.६०००००।००

ख. अन्यबाटः रु.१०५९६३।०९

योजनाको शुरु मितिः २०८०/०६/०८

योजना सम्पन्न मितिः २०८०/१०/१५

योजनाबाट प्राप्त उपलब्धीः

योजना सम्पन्न गर्दा आइलागेका समस्याहरुः जनश्रमदान जुटाउनमा समस्या परेको।

## आयोजना —३

आयोजनाको नामः पाङसिङ गुम्वाभूमि पहिरो नियन्त्रण योजना

आयोजना स्थानः पाङसिङ

उद्धेश्यः पाङसिङ गुम्वाभूमिको पहिरो नियन्त्रण गर्नु

अध्यक्षः बहादुर गुरुङ

कोषाध्यक्षः पुथ गुरुङ

सचिवः दल बहादुर गुरुङ

सदस्यहरुः हुतोङ दोर्जे गुरुङ, सुन बहादुर गुरुङ, माया गरुङ

लाभान्वीत जनसंख्याः २००

लागत अनुमानः रु.८८६७३२।२०

क. कार्यालयबाटः रु.८०००००।००

ख. अन्यबाटः रु.११०७६२।२०

योजनाको शुरु मितिः २०८०/०६/१०

योजना सम्पन्न मितिः २०८०/ ०९/१५

योजनाबाट प्राप्त उपलब्धीः पाङसिङ गुम्वाभूमिको पहिरो नियन्त्रण ।

योजना सम्पन्न गर्दा आइलागेका समस्याहरुः जनश्रमदान जुटाउनमा समस्या परेको ।

## आयोजना —४

आयोजनाको नामः छुले गुम्वा आवास निर्माण योजना

आयोजना स्थानः चुमनव्री, ७ छेकम्पार

उद्धेश्यः छुले गुम्वा आवास निर्माण गर्नु

अध्यक्षः दोर्जे मिङमर लामा

कोषाध्यक्षः छोतेन दोर्जे लामा

सचिवः थुङदुङ लामा

सदस्यहरुः सितार दोर्जे लामा, पासाङ प्रन्जो लामा, लफाप दुन्दुप लामा, छिरिङ दोर्जे लामा, छिरिङ सम्दु लामा

लाभान्वीत घरपरिवार संख्याः ४०

लागत अनुमानः रु.४६३४६३।००

क. कार्यालयबाटः रु.४०००००।००

ख. अन्यबाटः रु.६३४६३।००

योजनाको शुरु मितिः २०८०/०६/०८

योजना सम्पन्न मितिः २०८०/१२/ १३

योजनाबाट प्राप्त उपलब्धीः छुले गुम्वा आवास निर्माण ।

योजना सम्पन्न गर्दा आइलागेका समस्याहरुः जनश्रमदान जुटाउनमा समस्या परेको।

**आयोजना —५**

योजनाको नामः मर्जम तारजालि निर्माण योजना

आयोजना स्थानः चुमनुव्री, २

उद्धेश्यः मर्जम तारजालि निर्माण गर्नु

अध्यक्षः कर्मा घ्याल्जेन लामा

कोषाध्यक्षः छेवाङ नुर्वु लामा

सचिवः छिरिङ डोल्मा लामा

सदस्यहरुः लाक्पा छेवाङ लामा, सुनोम दोर्जे लामा, छिरिङ लामा, छेवाङ डोल्मा लामा

लाभान्वीत जनसंख्याः६००

लागत अनुमानः रु. ११०००३७।५३

क. कार्यालयबाटः रु.१००००००।००

ख. अन्यबाटः रु.१३००३७।५९

योजनाको शुरु मितिः २०८०/०९/१०

योजना सम्पन्न मितिः २०८१/०१/१५

योजनाबाट प्राप्त उपलब्धीः मर्जम तारजालि निर्माण सम्बन्धि कार्य सम्पन्न भइ ६०० जना

लाभान्वीत ।

योजना सम्पन्न गर्दा आइलागेका समस्याहरुः जनश्रमदान जुटाउनमा समस्या परेको।

**आयोजना —६**

योजनाको नामः गुम्वा हिमाली स्कुल किचन निर्माण योजना

आयोजना स्थानः चुमनुव्री, ५ विहि

उद्धेश्यः गुम्वा हिमाली स्कुलमा किचन निर्माण गर्नु

अध्यक्षः ओर्देम लामा

कोषाध्यक्षः सम्वे दोर्जे लामा

सचिवः ङिमा ढिकि

सदस्यहरुः कर्मा डोल्मा लामा, छिरिङ लामा, पासाङ लामा, भयो लामा

लाभान्वीत जनसंख्याः ४००० जना

लागत अनुमानः रु.३८४९१८५।२१

क. कार्यालयबाटः रु.३५०००००।००

ख. अन्यबाटः रु.४५४१८५।२१

योजनाको शुरु मितिः २०८०/०९/२०

योजना सम्पन्न मितिः २०८१/०३/०१

योजनाबाट प्राप्त उपलब्धीः गुम्वा हिमाली स्कुलमा किचन निर्माण ।

योजना सम्पन्न गर्दा आइलागेका समस्याहरुः जनश्रमदान जुटाउनमा समस्या परेको।

**आयोजना —७**

योजनाको नामः गापा. तारजाली निर्माण योजना

आयोजना स्थानः गापा.

उद्धेश्यः गापा. तारजाली निर्माण गर्नु

अध्यक्षः सोनाम फुन्जोक लामा

कोषाध्यक्षः पेमा ओङगेल लामा

सचिवः निमा साङमो लामा

सदस्यहरुः छिरिङ ढुक्कि लामा, नुर्बु छुक्याल लामा, छिरिङ वाङदो लामा, पेमा ढिकि लामा

लाभान्वीत जनसंख्याः ४०० जना

क. लागत अनुमानः रु.८२६८३०।१०

ख. कार्यालयबाटः रु.७५००००।००

ग. अन्यबाटः रु. ९९३२०

लागत ब्यहोर्ने श्रोतः चुमनुब्री गाउँपालिका

योजनाको शुरु मितिः २०८०/०९/१०

योजना सम्पन्न मितिः २०८१/०३/०१

योजनाबाट प्राप्त उपलब्धीः गापा.मा तारजाली निर्माण ।

योजना सम्पन्न गर्दा आइलागेका समस्याहरुः जनश्रमदान जुटाउनमा समस्या परेको।

## आयोजना –८

योजनाको नामः मध्ये देखि प्रोक गाउँ सम्म बाटो निर्माण योजना

आयोजना स्थानः प्रोक

उद्धेश्यः मध्ये देखि प्रोक गाउँ सम्म बाटो निर्माण गर्नु

अध्यक्षः फर्वु घ्याल्जेन लामा

कोषाध्यक्षः फुर्वु नामग्याल लामा

सचिवः धोर्जे वुटि लामा

सदस्यहरुः छिरिङ दुण्डुप लामा, नुर्वु सम्दुप लामा, छिमिक लामा, कर्मा थुग्देन लामा

लाभान्वीत जनसंख्याः  २०० जना

लागत अनुमानः रु.१६५५०७९।३१

क. कार्यालयबाटः रु. १५०००००।००

ख. अन्यबाटः रु.२०००७९।३१

योजनाको शुरु मितिः २०८०/०९/२०

योजना सम्पन्न मितिः २०८०/०२/२५

योजनाबाट प्राप्त उपलब्धीः मध्ये देखि प्रोक गाउँ सम्म बाटो निर्माण ।

योजना सम्पन्न गर्दा आइलागेका समस्याहरुः जनश्रमदान जुटाउनमा समस्या परेको।

## आयोजना –९

आयोजनाको नामः नामरुङ गाउँभित्र मुलबाटो ढुङ्गा छाप्ने योजना

आयोजना स्थानः चुमनुब्री, ४

उद्धेश्यः नामरुङ गाउँभित्र मुलबाटो ढुङ्गा छाप्नु

अध्यक्षः छिरिङ युङडुङ

कोषाध्यक्षः कुन्याङ दोर्जे लामा

सचिवः रिवन राना

सदस्यहरुः नुर्वु वाङगले लामा, धावा डोल्मा, धावा टासी ठकुरी, हेवाङ रिन्जीत लामा, पासाङ डोल्मा लामा

लाभान्वीत जनसंख्याः २५० जना

लागत अनुमानः रु.८२८१५८।१०

क. कार्यालयबाटः रु.७५००००।००

ख. अन्यबाटः रु.१००६५८।१०

योजनाको शुरु मितिः २०८०/०९/२०

योजना सम्पन्न मितिः २०८१/०३/०१

योजनाबाट प्राप्त उपलब्धीः नामरुङ गाउँभित्रको मुलबाटोमा ढुङ्गा छापीयो ।

योजना सम्पन्न गर्दा आइलागेका समस्याहरुः जनश्रमदान जुटाउनमा समस्या परेको।

**आयोजना —१०**

योजनाको नामः सम्दुक छोलिङ गुम्वा भवन निर्माण

आयोजना स्थानः चुमनव्री, २

उद्धेश्यः सम्दुक छोलिङ गुम्वा भवन निर्माण गर्नु

अध्यक्षः तम छिरिङ गुरुङ

कोषाध्यक्षः कालिमाया गुरुङ

सचिवः उत्तम गुरुङ

सदस्यहरुः अनु गुरुङ, आइती गुरुङ, कुन्चुक गुरुङ, धले डेमा गुरुङ, थरसिङ गुरुङ, गपन गुरुङ

लाभान्वीत जनसंख्याः ५०० जना

लागत अनुमानः रु.३२८४६०२।६८

क. कार्यालयबाटः रु.३००००००।६८

ख. अन्यबाटः रु.३७४६०२।६८

योजनाको शुरु मितिः २०८०/०७ /०१

योजना सम्पन्न मितिः २०८०/११/१०

योजनाबाट प्राप्त उपलब्धीः सम्दुक छोलिङ गुम्वा भवन निर्माण ।

योजना सम्पन्न गर्दा आइलागेका समस्याहरुः जनश्रमदान जुटाउनमा समस्या परेको।

## आयोजना —११

योजनाको नामः पुङ्चे गुम्वा  निर्माण योजना

आयोजना स्थानः चुमनुव्री, २

उद्धेश्यः पुङ्चे गुम्वा  निर्माण गर्ने

अध्यक्षः सुनोन दोर्जे लामा

कोषाध्यक्षः छिरिङ छुन्डुप लामा

सचिवः कुन्साङ ढिकि लामा, सोनाम साङमो लामा, छिटिङ डोल्मा लामा, पासाङ डोल्मा

सदस्यहरुः लाघा वुटि लामा

लाभान्वीत घरपरिवार संख्याः २५ घर

लागत अनुमानः रु.५४३४४३४।२४

क. कार्यालयबाटः रु.४०००००।००

ख. अन्यबाटः रु.१६१४४३४।२४

योजनाको शुरु मितिः २०८०/०९/०१

योजना सम्पन्न मितिः २०८०/१०/१५

योजनाबाट प्राप्त उपलब्धीः पुङ्चे गुम्वा  निर्माण ।

योजना सम्पन्न गर्दा आइलागेका समस्याहरुः जनश्रमदान जुटाउनमा समस्या परेको।

# परिच्छेद-५

## सामाजिक परीक्षणका निष्कर्षहरु

चुमनुब्री गाउँपालिकाले आफ्नो गाउँपालिकाद्वारा अघिल्लो आ. व. २०८।८१ मा सम्पादित योजना तथा कार्यक्रमहरुको सामाजिक परीक्षण गर्ने व्यवस्था भए अनुसार अध्ययन तथा अवलोकन गर्ने काम सम्पन्न भएको छ । हामीले अध्ययन तथा अवलोकन गरेका योजनाहरु सम्पन्नताको प्रकृतिलाई हेर्दा योजनाहरु विधिवत ढंगले सम्पन्न भएको पाइयो । हामीले सामाजिक परीक्षणको सन्दर्भमा वडास्तरमा निर्वाचित जनप्रतिनिधिहरु, सम्बन्धित योजनाका उपभोक्ताहरु, उपभोक्ता समितिका पदाधिकारीहरु र गाउँपालिकास्तरमा गाउँपालिकाका अध्यक्षज्यूको अध्यक्षतामा जनप्रतिनिधिहरु, कर्मचारीहरु र गैससका प्रतिनिधिहरु सहित भेलाको आयोजना गरि अन्तरक्रियात्मक छलफलद्धारा राय लिने प्रयास गरेका थियौं । भेलामा प्राप्त राय सुझाव तथा जिज्ञासाहरुलाई टिपोट गरी प्रतिवेदनमा समावेश गर्ने प्रयास गरिएको छ ।

सामाजिक परीक्षण विधि प्रत्यक्ष सरोकारवालाहरु अर्थात वडास्तमा र गाउँपालिकास्तरमा बैठक बसि छलफल सहित लिखित निर्णय भएको छ । प्राप्त सुझावलाई मात्र आधार नबनाइ योजना सम्पन्न भएका स्थानहरुमा गएर प्रत्यक्षरुपमा योजनाहरुको चालु अवस्था र सम्पन्न गर्दाको अवस्था तथा हाल प्राप्त हुन थालेका उपलब्धिहरुकाबारेमा बुझ्ने काम भएको छ । गाउँपालिकाबाट तर्जुमा गरिएका ऐन नियम तथा कार्यविधि, योजना पुस्तिका, वार्षिक प्रतिवेदन, स्थानीय सरकार सञ्चालन ऐन २०७४ र गाउँपालिकाबाट प्रकाशित राजपत्र आदिको समेत अध्ययन गरी सामाजिक परीक्षणका निष्कर्षहरुलाई बुँदागतरुपमा देहाय बमोजिम उल्लेख गरिएको छः -

- गाउँपालिकाबाट तर्जुमा गरि लागु गर्नुपर्ने कानुनहरुको तर्जुमा भएको पाइयो ।

- राजपत्र प्रकाशनलाई महत्व दिएको देखियो ।
- गाउँपालिकावासीलाई चुस्त दुरुस्त सेवा प्रवाहको लागि गाउँ कार्यपालिकाको कार्यालयको व्यावस्थापन सुधारोन्मुख छ ।
- गाउँ कार्यपालिकाको कार्यालय विषयगत शाखाहरु र वडा कार्यालयहरुमा प्रविधिको उपयोगमा जोड दिइएको पाइयो ।
- गाउँपालिका अध्यक्ष सहित सम्पूर्ण जनप्रतिनिधिहरु जनसरोकारका विषयहरुमा बढी केन्द्रिकृत भइ कार्य गरेको देखिन्छ ।
- सम्पन्न भएका योजनाहरु प्रकृयागत ढंगबाट सम्पन्न भइ लाभ दिन थालेको पाइयो ।
- उपभोक्ता समितिका पदाधिकारीहरु योजना सम्पन्न गर्दा बजेटको अपुग भएको गुनासो आयो
- उपभोक्ताहरुबाट जनसहभागिता वापतको हिस्सा बढी भएको गुनासो आयो ।
- योजनाको लागत स्टिमेट थोरै तर योजनाको प्रत्येक इकाई लागत बढी भएको गुनासो आयो
- योजना कार्यान्वयनमा ठेक्का पट्टा भन्दा उपभोक्ता समिति मार्फत गर्न गाउँपालिकाले जोड दिएको देखियो ।

## ५.१ सामाजिक परीक्षणले औंल्याएका सवालहरु

गाउँपालिकाको सामाजिक परीक्षण गर्ने सन्दर्भमा कार्यविधिमा ब्यवस्था भए अनुसार सैद्धान्तिक तथा ब्यवहारिक औपचारिक तथा अनौपचारिक लिखित तथा मौखिक सबै तरिकाहरु अवलम्बन गर्ने कार्य भयो । यसरी प्राप्त भएका सवालहरुलाई देहाय बमोजिम उल्लेख गरिएको छः-

- योजना सम्झौता भएपछि योजना कार्यान्वयन गर्नु अघि उपभोक्ता समितिका सदस्यहरुलाई तालिमको ब्यवस्था गर्ने सम्बन्धमा ।

- बजेट विनियोजन गरेर योजनाको Detail Survey गर्दै आएकोमा आगामी आर्थिक वर्ष देखि पहिला Detail Survey गरेर मात्र लागत स्टिमेटका आधारमा बजेट विनियोजन गर्ने प्रणालीको विकास गर्ने सम्बन्धमा ।
- समयमा नै योजनाको सम्झौता गरी सम्पन्न गर्ने सम्बन्धमा ।

## ५.२ सवालहरु सम्बोधन

प्रतिवेदन तयार गर्दा उपभोक्ताहरु, निर्वाचित जनप्रतिनिधिहरु, कर्मचारीहरु, राजनैतिक दलका प्रतिनिधिहरुको राय लिइ यो प्रतिवेदन तयार गरिएको छ । सरोकारवालाहरु बर्षौंदेखि काम गरी अनुभव प्राप्त ब्यक्तिहरु भएका कारण गाउँपालिकाले भविष्यको योजना तर्जुमा गर्दा अर्थात कानुनहरुको तर्जुमा गर्दा प्रतिवेदनमा उठाइएका सवालहरुलाई सम्बोधन गर्न सकेमा अहिले औंल्याइएका यी सवालहरु भविष्यका मार्गदर्शक हुन सक्छन् । त्यती मात्र होइन चालु आ. व. मा देखिएका सवालहरु आगामी आ. व. मा दोहोरिन पाउँदैनन् । यहि तथ्यलाई हृदयङ्गम गरि चुमनुव्री गाउँपालिका अध्यक्षज्यूको अध्यक्षतामा बसेको सर्वपक्षीय भेला तथा गाउँ कार्यपालिकाले यसलाई गाउँसभामा पेश गरि छलफल गर्ने छ ।

## ५.३ सुझावहरु

सामाजिक परीक्षण कुनै पनि संस्थाको सामाजिक कार्य सम्पादनको परीक्षण हो । जसमा सरोकारवालाहरुले सामाजिक कार्य सम्पादनमा भविष्यमा गर्न सकिने सुधारको अपेक्षा राख्दछन् । आर्थिक लेखा परीक्षणमा परीक्षकले आफ्नो राय मात्र उल्लेख गर्दछन् भने सामाजिक परीक्षणमा परीक्षकले ब्यवस्थापन बोर्ड सदस्य, कर्मचारी, सेवाग्राही समुदाय, नीति निर्माता सबैलाई सामाजिक

कार्य सम्पादनको लेखाजोखाको अवसरमा सहभागी गराइन्छ ।आफ्नो मूल्याङ्कन प्रत्यक्षरुपमा स्वयंले गर्ने संस्कार बोकेको यो प्रणालीबाट प्राप्त सुझावहरुलाई सस्थाले ग्रहण गरेमा भविष्यमा कार्यक्रम कार्यान्वयनमा आउन सक्ने त्रुटिमा कमी आउन सक्छ । स्थानीय तहबाट भएका कामहरुले सामाजिक उपलब्धि कति हाँसिल भए सोको विश्लेषणबाट प्रभावसम्मको अवस्थाको आकलन गर्न सामाजिक परीक्षण विधि निकै प्रभावकारी मानिन्छ । सामाजिक परीक्षणको सैद्धान्तिक पक्षको अनुशरण सामाजिक परीक्षण कार्यविधिको महत्वपूर्ण पाटो भएकाले यसको सफल कार्यान्वयनबाट आफ्नो सामाजिक विकासको उत्तरदायित्व पुरा गर्न गाउँपालिकालाई ठूलो टेवा पुग्ने मानिन्छ । यसैका आधारमा भविष्यको रणनीति तथा योजना तयार गर्ने कार्यको लागि यसका निश्कर्षहरुले सघाउ पुर्याउने विश्वास लिइ प्रस्तुत भएका सवालहरुलाई समेत मध्यनजर गरि बुँदागतरुपमा देहाय बमोजिम उल्लेख गरिएको छ ।

१. चुमनुव्री गाउँपालिकाले स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम नीति कार्यक्रम तथा बजेट तर्जुमा गरी कार्यान्वयन गरेको पाइयो ।
२. चुमनुव्री गाउँपालिकाबाट सेवा प्रवाह गर्ने सन्दर्भमा जनसहभागिता, पारदर्शिता, उत्तरदायित्व, स्थानीय श्रोत र साधनको उपयोग आदि सवालमा विशेष ध्यान दिइएको पाइयो ।
३. दिगो विकासको लागि आवश्यक कानुनहरुको तर्जुमा गर्नुका साथै अनुगमन प्रणालीलाई थप व्यावस्थित बनाएको देखियो ।
४. सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण, नागरिक वडापत्रको व्यवस्था, प्रत्येक चौमासिकमा प्रगति सार्वजनिक गर्ने र सूचना अधिकारीको ब्यवस्था आदि कार्यहरु भइरहेको पाउँदा गाउँपालिकाले सुशासन प्रवद्धर्नमा पहल गरेको देखियो ।

५.स्थानीय सरकारको रुपमा स्थापीत चुमनुब्री गाउँपालिकाबाट सम्पादित काम प्रति वासीन्दाहरु खुशी हुनुको साथै जनप्रतिनिधि प्रति विश्वास्त रहेको पाइयो ।

**अब गर्नुपर्ने:**

- सम्झौता भएका योजनाहरुमा निर्माण व्यवसायी तथा उभोक्ता समितिहरुलाइ छिटो कार्य सम्पन्न गर्न समन्वय तथा निरन्तर प्रभावकारी अनुगमन गर्नुपर्ने ।
- सडक सञ्जाललाइ दिगो र भरपर्दो बनाउनु पर्ने ।
- विकट क्षेत्र रहेका कारण भएका जटिलतालाइ समाधानमा जोड दिनुपर्ने।
- कतिपय बितरणमुखी प्रकारका कार्यक्रमहरु सञ्चालन गर्न कानुनी तथा प्रक्रियागत जटिलता रहेकोले बजेट निर्माण गर्दा नै कार्यन्वयनयोग्य योजना छनौट गर्नुपर्ने ।
- जनप्रतिनिधिहरुले आ—आफ्नो वडामा रहेका योजनाहरु सम्पन्न गर्न निरन्तर समन्वय तथा सहकार्य गर्नुपर्ने ।
- संरक्षण क्षेत्र रहेका कारण भएका जटिलतालाई समाधान गर्नु पर्ने ।
- प्राविधिक कर्मचारीको अभावलाई पूर्ती गरिनु पर्ने ।
- अन्तमा गाउँपालिकाको नीति, बजेट तथा कार्यक्रम सञ्चालन तथा सम्पन्न गर्ने धेरै चुनौतीका बाबजुद पनि कार्यपालिका तथा कर्मचारीहरू निरन्तर रूपमा खटिई रहने र लक्ष्य अनुरूप नै हुने प्रतिबद्धता गरी प्रभावकारी कार्यन्वयन गर्नुपर्ने देखिन्छ ।
- सरोकारवालहरूले उठाएका प्रश्न एवं गुनासोलाई आगामी दिनमा क्रमश लागु गर्दै चुमनुब्री गाउँपालिकालाई समृद्ध र समन्नत बनाउन समग्रमा जनप्रतिनिधि र कर्मचारी टिम निरन्तर खटिनु पर्ने आवश्यक्ता देखिन्छ ।

गाउँपालिकाबाट धेरै राम्रा कार्यहरुको प्रारम्भ हुँदाहुँदै पनि योजना तर्जुमा र कार्यान्वयन तथा लाभांश वितरणको चरणमा उठाइएका सवालहरुः

- योजनाको प्राथमिकता निर्धारण पछि मात्र लागत स्टिमेटको आधारमा बजेट विनियोजन गर्ने,
- योजना कार्यान्वयन गर्नु अघि उपभोक्ता समितिका पदाधिकारीहरुलाई योजना कार्यान्वयन सम्बन्धी तालिमको ब्यवस्था गर्ने ।
- पूर्वाधार विकासको साथसाथै सामाजिक विकास र योजना तर्जुमामा प्राथमिकता दिने,
- छुवाछुत मुक्त, बालमैत्रीयुक्त, लैंङ्गिक हिंशामुक्त वडा तथा गाउँपालिका घोषणा सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने ।

माथि उल्लिखित कार्यमा जोड दिन सके भविष्यमा यो गाउँपालिका गोरखा जिल्लाको नमूना गाउँपालिका बन्न सक्ने देखिन्छ ।

# फोटो झलकहरु

